प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## शैक्षिक सत्र २०८०/०८१ मा डिप्लोमा तथा प्रमाण पत्र तहको कार्यक्रमहरूमा वर्गीकृत(निःशुल्क) छात्रवृत्तिमा योग्यताक्रम अनुसार भर्नाको लागि सिफारिश सम्बन्धी अत्यन्त जरूरी सूचना ।

**प्रकाशित सूचना मितिः २०८०।०७।०१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०।०६।२२ र मिति २०८०।०६।२३ गते प्रकाशित सूचना अनुसार कर्णाली प्रदेशमा थप भएका शिक्षण संस्था एवम कार्यक्रमहरूमा वर्गीकृत(निःशुल्क) छात्रवृत्ति तर्फ भर्नाको लागि मिति २०८०।०६।२४ गते निवेदन माग सम्बन्धी प्रकाशित सूचना बमोजिम तोकिएको समयावधि मिति २०८०।०६।२९ गतेसम्म यस प्रदेश कार्यालयमा रितपूर्वक दर्ता हुन आएका निवेदनहरू मध्ये कार्यक्रम अनुसार योग्यताक्रम निर्धारण गरी संस्था प्राथमिकीकरण गरी भर्नाको लागि सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सिफारिस भएका मुख्य उम्मेदवारहरूले मिति २०८०।०७।१९ गते भित्र तोकिएको शिक्षण संस्थामा आफ्नो सक्कल शैक्षिक प्रमाण-पत्रहरू, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, वर्गीकृत(निःशुल्क) छात्रवृत्तिमा फाराम भर्दा पेश गरेको लक्षित वर्गको प्रमाण-पत्र सहित भर्ना हुन सूचित गरिन्छ। सम्बन्धित शिक्षण संस्थाहरूले तोकिएको समयावधि भित्र यसै सूचना लाई आधार मानी सिफारिस भएका उम्मेदवारहरूको सक्कल प्रमाण-पत्र रूजु गरी भर्ना गर्नु/गराउनु हुन समेत जानकारी गराईन्छ। तोकिएको समयावधि भित्र भर्ना भई रिक्त हुन गएको सिटको सिम्बल नं., नाम, लक्षित वर्ग कोटा उल्लेख गरी ३(तिन) दिन भित्र प्रदेश कार्यालयको E-Mail: exam.kctevt@gmail.com र परीक्षा नियन्त्रण कार्यालयको E-Mail: oce.ctevt@gmail.com मा अनिवार्य पत्राचार गर्नु हुन समेत जानकारी गराईन्छ। सिफारिस सम्बन्धी नतिजा परिषद् परीक्षा नियन्त्रण कार्यालयको Website: **ctevtexam.org.np** र प्रदेश कार्यालयको Website: **ctevtkarnali.org.np** मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

**निर्देशक**